दर्ता नं. १०२/०५७/०५८

# दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड
# South Lalitpur Rural Electric Cooperative Ltd. (SLREC)

चापागाउँ, ललितपुर
फोन/फ्याक्सः ५२६५१९३
Email: slrec2057@gmail.com ,
Website: www.slrec.org.np

**च.नं./ Ref .No:-** ५३-०७८/०७९

मिति : २०७८/०७/२५

**श्री** ............................................................................... **शेयर सदस्य नं.** ................

**ठेगाना :**...........................................................................

**विषयः बिसौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयमा यस सहकारी संस्थाको मिति २०७८ साल कार्तिक २५ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न शेयर सदस्यहरुको उपस्थितिका लागि सहज हुने विभिन्न स्थानहरुमा यस संस्थाको बिसौं वार्षिक साधारण सभाको आयोजना गरिएको हुँदा निम्न मिति, स्थान र समयमा सम्पूर्ण शेयर सदस्यज्यूहरुमा अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**मितिः** २०७८ साल पौष २ गतेदेखि पौष २३ गतेसम्म ।
**स्थानहरु** : गोदावरी नगरपालिका, बागमती गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र महाङ्काल गाउँपालिका ।

**छलफलका लागि प्रस्तावित कार्यसूची**

१) संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
२) लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
३) आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने ।
४) आर्थिक वर्ष २०७७/०७८ को समीक्षा, आ.व. २०७८/०७९को अनुमानित बजेट तथा कार्यक्रम पारित गर्ने ।
५) आ.व. २०७७/०७८ को लाभाशं घोषणा ।
६) आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
७) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न शेयर सदस्यको तर्फबाट प्रतिनिधि चयन गर्ने ।
८) विविध

**पुनश्च :**

क) शेयर सदस्यहरुले साधारण सभामा कुनै प्रस्ताव पेश गर्नु परेमा त्यस्तो प्रस्ताव लिखित रुपमा २०७८ साल मंसिर २५ गतेभित्र कूल शेयर सदस्य संख्याको ५ प्रतिशतको समर्थन सहित पेश गर्नु पर्नेछ ।

ख) सदस्य संस्थाको तर्फबाट संस्थागत प्रतिनिधित्व गर्नुहुने सदस्यहरुले अनिवार्य रुपमा सदस्य संस्थाको प्रतिनिधि तोकिएको पत्र सहित तपशिलमा तोकिएको स्थानमा उपस्थित हुनु पर्नेछ ।

ग) साधारण सभामा उपस्थित हुँदा शेयर सदस्यले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने प्रमाण (परिचय पत्र/नागरिकता)का साथ उपस्थित हुनुहुन अनुरोध गरिन्छ ।

घ) साधारण सभामा स्वयम् उपस्थित हुनुहुने शेयर सदस्यहरुलाई रु.२००।-(कर बाहेक) यातायात खर्च उपलब्ध गराइनेछ ।

**ङ) साधारण सभा हुने मिति, स्थान र समय तालिका यसै पत्रको पछाडी पृष्ठमा संलग्न गरिएको छ ।**

लोक बहादुर पुलामी
सचिव

मिति २०७८ पौष २ गतेदेखि २३ गतेसम्म सञ्चालन हुने साधारण सभामा उपस्थित हुने मिति, स्थान र समय तालिका विवरण

| क्र सं. | मिति | स्थान | समय | शेयर सदस्यहरु |
|---|---|---|---|---|
| १ | पौष २ गते | संस्थाको चापागाँउ कार्यालय, चापागाउँ : उद्घाटन कार्यक्रम | बिहान १०:००-५:०० बजेसम्म | चापागाउँ लगायत उपत्यकामा रहेका शेयर सदस्यहरु |
| २ | पौष ४ गते | महाङ्काल गा.पा. वडा नं. ६, ठूलार्दुलुङ्गको वडा कार्यालय, सिलिङ्गेडाँडा | बिहान १०:३०-४:०० बजेसम्म | महाङ्काल गा.पा. वडा नं.६, ठूलादुर्लुङका शेयर सदस्यहरु |
| ३ | पौष ५ गते | बागमती गा.पा.वडा नं.७, गिम्दीको वडा कार्यालय, मगरगाउँ | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं.७, गिम्दीका शेयर सदस्यहरु |
| ४ | पौष ६ गते | बागमती गा.पा.वडा नं.६, आश्राङको वडा कार्यालय, आश्राङवेंशी | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं.६, आश्राङका शेयर सदस्यहरु |
| ५ | पौष ७ गते | बागमती गा.पा.वडा नं.४, प्युटार, प्युटार बजार | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं. ४, प्युटारका शेयर सदस्यहरु |
| ६ | पौष ८ गते | बागमती गा.पा.वडा नं.२, माल्टाको वडा कार्यालय, माल्टागाउँ | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं.२, माल्टाका शेयर सदस्यहरु |
| ७ | पौष ९ गते | बागमती गा.पा.वडा नं. ५, इकुडोल, वडा कार्यालय, सानोचिला | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं. ५, इकुडोलका शेयर सदस्यहरु |
| ८ | पौष १० गते | बागमती गा.पा.वडा नं.३, भट्टेडाँडा, छपेली | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं.३, भट्टेडाँडाका शेयर सदस्यहरु |
| ९ | पौष ११ गते | बागमती गा.पा.वडा नं.१, घुसेल, मानेगाउँ | बिहान १०:३०-४:०० बजेसम्म | बागमती गा.पा.वडा नं.१, घुसेलका शेयर सदस्यहरु |
| १० | पौष १२ गते | गोदावरी न.पा.वडा नं.७, देवीचौर, देवीचौर | बिहान १०:३०-४:०० बजेसम्म | गोदावरी न.पा.वडा नं.७, देवीचौरका शेयर सदस्यहरु |
| ११ | पौष १४ गते | कोन्ज्योसोम गा.पा.वडा नं. १, चौघरे, वडा कार्यालय | बिहान १०:३०-४:०० बजेसम्म | कोन्ज्योसोम गा.पा.वडा नं. १, चौघरेका शेयर सदस्यहरु |
| १२ | पौष १५ गते | कोन्ज्योसोम गा.पा.वडा नं. ३, दलचोकी, वडा कार्यालय, गोठभञ्ज्याङ्ग | बिहान १०:३०-४:०० बजेसम्म | कोन्ज्योसोम गा.पा.वडा नं. ३, दलचोकीका शेयर सदस्यहरु |
| १३ | पौष १६ गते | कोन्ज्योसोम गा.पा.वडा नं. ४, नल्लु वडा कार्यालय | बिहान १०:३०-४:०० बजेसम्म | कोन्ज्योसोम गा.पा.वडा नं. ४, नल्लुका शेयर सदस्यहरु |
| १४ | पौष १७ गते | कोन्ज्योसोम गा.पा.वडा नं. ५, भारदेउ, गुप्तेश्वर आ.वि., पौवाचौर | बिहान १०:३०-४:०० बजेसम्म | कोन्ज्योसोम गा.पा.वडा नं. ५, भारदेउका शेयर सदस्यहरु |
| १५ | पौष १८ गते | कोन्ज्योसोम गा.पा.वडा नं. २, शंखु, वडा कार्यालय, शंखु | बिहान १०:३०-४:०० बजेसम्म | कोन्ज्योसोम गा.पा.वडा नं. २, शंखुका शेयर सदस्यहरु |
| १६ | पौष १९ गते | महाङ्काल गा.पा. वडा नं.१, बुखेल, वडा कार्यालय, बुखेलवेंशी | बिहान १०:३०-४:०० बजेसम्म | महाङ्काल गा.पा. वडा नं.१, बुखेलका शेयर सदस्यहरु |
| १७ | पौष २० गते | महाङ्काल गा.पा. वडा नं.२, मानिखेल, कतवन भञ्ज्याङ्ग | बिहान १०:३०-४:०० बजेसम्म | महाङ्काल गा.पा. वडा नं.२, मानिखेलका शेयर सदस्यहरु |
| १८ | पौष २१ गते | महाङ्काल गा.पा. वडा नं.४, कालेश्वर, वडा कार्यालय, बतासे | बिहान १०:३०-४:०० बजेसम्म | महाङ्काल गा.पा. वडा नं.४, कालेश्वरका शेयर सदस्यहरु |
| १९ | पौष २२ गते | महाङ्काल गा.पा. वडा नं.५, चन्दनपुर, वडा कार्यालय, नमनडाँडा | बिहान १०:३०-४:०० बजेसम्म | महाङ्काल गा.पा. वडा नं.५, चन्दनपुरका शेयर सदस्यहरु |
| २० | पौष २३ गते | महाङ्काल गा.पा. वडा नं.३, गोटिखेल, वडा कार्यालय, गोटिखेल बजार | बिहान १०:३०-४:०० बजेसम्म | महाङ्काल गा.पा. वडा नं.३, गोटिखेलका शेयर सदस्यहरु |

नोट : साधारण सभाको कार्यक्रममा सोही दिन संस्थाबाट शेयर सदस्यता लिन बाँकी ग्राहकहरुलाई शेयर सदस्य वितरण गर्ने, शेयर नामसारी, मिटर नामसारी, ठाउँसारी, पावर थपघट, मिटर पुर्नजडान, ऊर्जा वचतमा सहभागी, महसुल एवं ऋणको किस्ता व्याज भुक्तानी, साथै मोवाइल एप्स, अनलाईन पेमेन्ट भुक्तानी सम्बन्धि जानकारी समेत रहेको हुँदा घुम्तीसेवा सञ्चालन हुनेछ । शेयर सदस्यता लिन एवं शेयर नामसारी र मिटर नामसारी, ठाउँसारीका लागि नागरिकताको फोटोकपी, पासपोर्ट साइजको फोटो ४ प्रति र मिटर नामसारी तथा ठाउँसारीको लागि जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी १ प्रति समेत लिएर आउनुहोला ।

**लोक बहादुर पुलामी**
**सचिव**

# दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड
# South Lalitpur Rural Electric Cooperative Ltd. (SLREC)

चापागाउँ, ललितपुर
फोन/फ्याक्सः ५२६५१९३
Email: slrec2057@gmail.com ,
Website: www.slrec.org.np


च.नं./ Ref .No:-

**बिसौं वार्षिक साधारण सभामा संचालक समितिका तर्फबाट**
**अध्यक्ष श्री गोविन्द प्रसाद बजगाईंद्वारा प्रस्तुत प्रतिवेदन**
**२–२३ पौष, २०७८**

प्रमुख अतिथिज्यू

अतिथिज्यूहरु,

पत्रकार तथा शेयर सदस्यज्यूहरु,

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को २० औं बार्षिक साधारण सभाको कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, पत्रकार, विद्युत उपभोक्ता तथा शेयर सदस्य एवं उपस्थित महानुभावहरुमा हार्दिक स्वागत तथा सहकारी अभिवादन।

देश लामो समयदेखि कोभिड १९ को महामारीबाट प्रभावित रहेको कठिन परिस्थितिमा हामी सबै प्रभावित भएको अवस्थामा विद्युत सेवा सञ्चालनमा समुदायसँग नियमित सम्पर्कमा रही संस्थाको नियमित कार्यक्रम कार्यान्वयनमा समेत कठिन भएको छ। यस कठिन अवस्थामा पनि संस्थाले दिँदै आएका सेवालाई साधन र स्रोतले भ्याएसम्म निरन्तरता दिँदै आएका छौं। संस्थाको नियमित र महत्वपूर्ण जिम्मेवारीको रुपमा रहेको संस्थाको वार्षिक साधारण सभालाई हामीले शेयर सदस्यहरुको सुविधा र सुरक्षालाई ध्यानमा राख्दै स्थानिय स्तरमा २० वटा केन्द्रहरु बनाई २०७८ साल पौष २ गतेदेखि शुरु गरी यही पौष २३ गते समापन गर्ने गरी साधारण सभाको तय गरेका छौं। उपभोक्ता एवं शेयर सदस्यहरुलाई संस्थाबाट उपलब्ध हुने शेयर सदस्यता लिन, मिटर नामसारी, मिटर ठाउँसारी, पावर थप/घट जस्ता फिल्डमा उपलब्ध गराउने सकिने सेवाहरु र विद्युतीय सुरक्षा सम्बन्धित सचेतना कार्यक्रम समेत घुम्तीसेवाको रुपमा साधारण सभाको साथ साथमा उपलब्ध गराउने कार्यक्रम सहित साधारण सभा सम्पन्न गर्न गइरहेका छौं।

दक्षिण ललितपुरका ग्रामीण भेगका ३ वटा गाउँपालिकाहरु कोन्ज्योसोम, महाङ्काल र बागमतीका गरी १८ वटा वडाहरु तथा गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौर गरी १९ वटा वडाहरुमा केन्द्रीय प्रसारण लाइनमार्फत विद्युत सुविधाको पहुँच विस्तार, नविकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धनका कार्यक्रमहरु, ऊर्जामा आधारित उद्यमशिलता विकास गर्न सामुदायिक पद्धतिमा आधारित ग्रामीण विद्युतीकरण अभियान २०५४ बाट आरम्भ गरियो। यो अभियानले निर्माण गरेको नेपालमा पहिलो विद्युत सहकारीको रुपमा मिति २०५७ श्रावण १७ गते दर्ता भएको यो "दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि." यस दक्षिण

ललितपुरमा विद्युतीकरण र ग्राहक सेवा सञ्चालनको नेतृत्व गरिरहेको छ। साथै ऊर्जामा आधारित उद्यम व्यवसाय प्रवर्द्धनका लागि पुर्वाधार तयार पारेको छ। यस संस्थाले विद्युत विस्तार, नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकास, सामाजिक परिचालन, उद्यमशीलता विकासका क्षेत्रमा उल्लेख्य काम गरेको छ। ललितपुर जिल्लालाई राज्यले विद्युतीकरण सम्पन्न ४१ जिल्लाभित्र समावेश गरिरहदा राज्यको यस काममा रहयोगी बन्न सकेको छ। दक्षिण ललितपुरमा उज्यालोको नेतृत्व गरेको छ। वृहत उपभोक्ता सेवा र गुणस्तरको सन्तुलन राख्ने, विद्युतको उत्पादनमूलक उपभोग बढाउँदै, ऊर्जाको खपत बढाउन, स्वरोजगार सिर्जना गर्न, राज्यका विभिन्न तहमा रहेका नीतिगत अन्योलता अन्त्य गर्ने जस्ता चुनौतीहरुको सामना गर्नुपरेको छ। यसमा राज्यको सवै तहबाट सहयोगी भूमिकाको आशा गर्दछौं। विद्युतीकरण विस्तारको यो चरणलाई यहाँसम्म पुऱ्याउन विभिन्न सहयोगी संस्था एवं स्थानिय तहबाट भएको सहयोग र सहभागितालाई निरन्तरताको कामना गर्दै धन्यवाद दिन चाहन्छौं। हामी गुणस्तर सेवाका लागि संस्थालाई प्रविधिमैत्री बनाउनतर्फ लागेको छौं। गुणस्तर विद्युत वितरणका लागि प्रणाली सुदृढीकरण र क्षमता विस्तारको कार्यक्रममा स्थानिय सरकारको समेत सहयोग निरन्तरताका लागि हार्दिक अनुरोध गर्दछु।

यस साधारण सभाबाट प्रस्तुत कार्यक्रम तथा प्रस्ताव उपर आवश्यक छलफल गरी गत बर्षको समीक्षा, आगामी एक बर्षका लागि बार्षिक कार्यक्रम तर्जुमा गर्नुका साथै आवश्यक नीति तर्जुमा गर्नेछ भन्ने विश्वास लिएको छु।

शेयर सदस्यज्यूहरु,

अव म संस्थाले यस अवधिमा सञ्चालन गरेका क्रियाकलापहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**संस्थागत क्रियाकलापहरु :**

| क्र.सं | विवरण | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ |
|---|---|---|---|---|
| १ | **वैठकहरु :** | | | |
| क) | वार्षिक साधारण सभा | १ | १ | १ |
| ख) | वार्षिक दिवस | १ | १ | १ |
| ग) | सञ्चालक समिति बैठक | १४ | १४ | १० |
| घ) | लेखा समिति बैठक | ५ | ६ | १ |
| ङ) | व्यवसाय प्रवर्द्धन तथा ऋण परिचालन उप-समिति | ४ | २ | ९ |
| च) | शिक्षा उप-समिति | ९ | १ | १ |
| छ) | विभिन्न उप-समितिहरु | ७ | ६ | ७ |
| ज) | कर्मचारी वैठक | १२ | ३ | ९ |
| २ | **संस्थाको वर्तमान अवस्था :** | | | |
| क) | शेयर सदस्य संख्या | ३६१० | ३९०० | ४५२० |
| ख) | शेयर पूँजी रकम रु. | ८५,१७,०००/- | ८८,७६,०००/- | ९५,५३,०००/- |
| ग) | ग्राहक संख्या | ६१३४ | ६३६० | ६८५५ |

| क्र.सं. | क्रियाकलापहरु | उपलब्धी | | | |
|---|---|---|---|---|---|
| | | | गत वर्ष (०७६/०७७) | यस वर्ष (०७७/०७८) | ०७८ असार मसान्त |
| १ | ग्राहक सेवा विस्तार | ग्राहस्थ | ६१२४ | ४६९ | ६५९३ |
| | | औद्योगिक | ७२ | ४ | ७६ |
| | | व्यापारी | १९ | – | १९ |
| | | अन्य | १४५ | २२ | १६७ |
| जम्मा | | | ६३६० | ४९५ | ६८५५ |

**नोट : २०७८ मंसिर मसान्तसम्ममा जम्मा ६९३१ घरहरुमा विद्युत सेवा पुगेको छ ।**

| | | |
|---|---|---|
| २ | विद्युतीकरण कार्यक्रम (CRED) पाँचौ चरणको कार्यक्रम | • दक्षिण ललितपुरका सवै वस्तीहरुमा विद्युतको पहुँच पुऱ्याउन बागमती गाउँपालिका, वडा नं. ७, गिम्दी साहुमारामा केन्द्रिय प्रसारण लाईन तथा वितरण लाइन निर्माण गर्न चालु विद्युतिकरण कार्यक्रम पोलिङको काम भईरहेको छ। यो कार्यक्रम यसै आ.व.भित्र सम्पन्न हुने गरी काम भइरहेको छ ।<br>**चालु कार्यक्रममा हुने कार्यहरु**<br>१. ट्रान्सफरमर जडान : - १ थान<br>२. एच्.टी. पोलिङ : - ३४ थान<br>३. एल्.टी. पोलिङ : - १८० थान<br>४. एच्.टी. लाइन : - १.६३ कि.मि.<br>५. एल्.टी. लाइन : - ९ कि.मि. |
| २ | वार्षिक दिवस | • संस्थाको सत्रौं वार्षिक दिवस २०७८ भाद्र २ गते वर्षभरि भएका संस्थाको गतिविधिको बारेमा छलफल तथा अर्न्तक्रिया गरी सम्पन्न गरियो । |
| ४ | व्यवसाय प्रवर्द्धन तथा ऋण परिचालन | **विवरण** — **लगानी रकम**<br>• महिला उद्यम विकास — २,७६,३७३।-<br>• उद्यम विकास — ९१,१०,९९५।-<br>• नविकरणीय ऊर्जा — ४८,३४६।-<br>• **जम्मा लगानी रकम :** — **९४,३५,७१४।-**<br>• आ.व. ०७७/०७८ मा जम्मा असुली रकम **४२,५७,२३७।-** |
| ५ | ऊर्जा प्रर्वद्धन तथा लस रिडक्सन कार्यक्रम | • नेपाल इनर्जी फाउण्डेशन र काठमाण्डौ विश्वविद्यालयको सहयोगमा सञ्चालित अनुसन्धानमूलक कार्यक्रममा यस संस्थाले आफ्नो क्षेत्रको विद्युत खरिद र विक्रीको तथ्याङ्क |

| | | |
|---|---|---|
| | | संकलन तथा ट्रान्सफरमरहरुबाट थोक रिडिङको क्रस चेक रिपोर्टिङको तथ्याङ्क विश्लेषण समेत गरी अध्ययन प्रतिवेदन तयार भएको छ । उक्त रिपोर्ट ग्रामीण विद्युतीकरणमा हुने प्राविधिक लसको अवस्था र सामुदायिक संस्थाहरुको शुसाशन, सामुदायिक विद्युतीकरणमा देखिएका नीतिगत समस्याहरु र सञ्चालन खर्च र यसलाई घटाउन प्रविधिको प्रयोगबाट हुने उपलब्धीबाट आएको निस्कर्षलाई अध्ययनको स्रोत सामग्रीको रुपमा लिन सकिनेछ । |
| ६ | व्यावसायिक योजना निर्माण | • मिति २०७७ असोज १९ र २० गते ADB को TA कार्यक्रमको सहयोगमा प्राक्टिकल एक्सन कन्सल्टिङ, ग्रामीण प्रविधि केन्द्र र सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महाँसंघको सहयोगमा २ दिने गोष्ठिबाट संस्थाको ३ वर्षे व्यावसायिक योजना निर्माण गरी उक्त व्यावसायिक योजना कार्यान्वयनमा ल्याइएको छ । |
| ७ | **संस्थागत समन्वय र सहकार्य** | • स्थानीय सहकारी संस्थाहरुसँग समन्वय गरी महिला उद्यमीलाई कर्जा प्रवाह, स्थानीय सरकार तथा गैह्र सरकारी संघ संस्थासँगको समन्वयमा संस्थाको भौतिक निर्माण, ग्राहक सेवा विस्तार, क्षमता अभिवृद्धि, उद्यमशिलता विकास जस्ता महत्वपूर्ण कार्यमा सहयोग र सहकार्यलाई निरन्तरता दिइएको छ ।<br>• ऊर्जा क्षेत्रको विकास र प्रवर्द्धनका लागि गाउँपालिकाहरु, नेपाल विद्युत प्राधिकरण, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महाँसंघ नेपाल, ग्रामीण प्रविधि केन्द्र, प्राक्टिकल एक्सन कन्सल्टिङ्ग(PAC), जिआइजेट, नेपाल इनर्जी फाउण्डेशन जस्ता संस्थाहरुसँगको समन्वयको काम भइरहेको छ । |
| ८ | महिला उद्यमशिलता विकास सम्बन्धी कार्यक्रम | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि ऊर्जा क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रम (ADB TA 9334 NEP) महिला उद्यमशिलता विकास) मार्फत हालसम्म ६४ जना महिला उद्यमीहरु लाभान्वित भएका छन् । उद्यमीहरुलाई शिप विकास तालिम समेत सम्पन्न गरिएको छ ।<br>• यस कार्यक्रम अन्तर्गत कोभिड प्रभावित महिला उद्यमीहरुलाई अनुदान सहयोगको कार्यक्रममा २५ जना उद्यमीहरु लाभान्वित हुनुभएको छ । |

| | | |
|---|---|---|
| ९ | रिडिङ विलिङ कार्यमा प्रविधिको प्रयोग | • मिति २०७७/०३/१५ गते दियालो टेक्नोलोजी प्रा.लि.सँग क्लाउड बेसमा आधारित Electromarks Software र मिटर रिडिङ विलिङका लागि मोवाइल एप्स (Meter Mark)मार्फत प्रयोगका लागि सम्झौता गरी २०७७ श्रावण १ देखि प्रयोग गरिएकोमा यस मोवाइल एप्सलाई परिमार्जन गरी भर्जन २ (V2) सञ्चालनमा ल्याइएको छ।<br>• मिटर रिडिङ महसुल भुक्तानी सहज बनाउन e-Sewa fon pay Pvt.Ltd  सँग सम्झौता गरी e-Sewa मार्फत महसुल भक्तानीको सुरुवात गरिएकोमा आ.व. ०७७/०७८ मा छब्बीस लाख बराबरको e-Sewa मार्फत विद्युत महसुल भुक्तानी प्राप्त भएको छ।<br>• अनलाइन पेमेन्ट सेवालाई थप सहज बनाउन मिति २०७७ जेठ ५ बाट स्पारो पे प्रा.लि.संग सम्झौता गरि यसले प्रवर्धन गरेको खल्ति (अनलाइन पे) समेत शुरु गरिएको छ। IME Pay वालेटका लागि IME Digital Solution Pvt. Ltd. सँग पनि अनलाइन पेमेन्टको सम्झौता भएको छ। उपभोक्ताले नेपालको जुनसुकै ठाउँबाट आफ्नो विद्युत महसुल विलको भुक्तानी e-Sewa, IME Pay, Khalti वालेटबाट गर्न सक्ने व्यवस्था गरिएको छ।<br>• विद्युत मिटर रिडिङ विलिङमा मोवाइल एप्स सञ्चालन गर्न काठमाण्डौ विश्वविद्यालय र नेपाल इनर्जी फाउण्डेशनको सहयोगमा फिल्ड कर्मचारीहरुलाई १४ थान मोवाइल उपलब्ध गराइ मिटर रिडिङ बिलिङ्को काम डिजिटलाइज गरिएको छ। |
| १० | **"दक्षिण ललितपुर विद्युत"** (South Lalitpur Electricity) मोवाइल एप्स | • विद्युत सहकारी संस्थालाई प्रविधिमैत्री बनाउँदै प्रविधिबाट संस्थालाई उपभोक्तासम्म जोड्न उपभोक्ताले आफ्नो रिडिङ विलिङको विवरण हेर्न, आफ्नो घरको मिटर आफैं रिडिङ विलिङ पाउन र विल भुक्तानी गर्नेदेखि संस्थाको सूचना ग्रहण गर्न र आफ्नो समस्या संस्थामा पठाउन संस्थाको आफ्नो डेडिकेटेड मोवाइल एप्स आवश्यक भएकोले संस्थाले दियालो टेक्नोलोजीबाट "**दक्षिण ललितपुर विद्युत**" (South Lalitpur Electricity) मोवाइल एप्स निर्माण भएको छ। यो मोबाइल एप्स २०औं साधारणसभाबाट सुरु गरिएको छ। |

| | | |
|---|---|---|
| ११ | e-Sewa zone **सञ्चालनको सम्झौता** | • दक्षिण ललितपुरमा e-Sewa सञ्चालनको लागि e-Sewa fon pay Pvt.Ltd सँग यस संस्थाले e-Sewa zone सञ्चालनको सम्झौता गरिएको छ । संस्थाले आफ्नो क्षेत्रभित्र व्यवसायिक प्वाइन्टहरु निर्माण गरी e-Sewa मार्फत अनलाइन पेमेन्टबाट महसुल भुक्तानीमा समेत सहयोग पुगेको छ। |
| १२ | ऊर्जामा आधारित व्यवसाय प्रवर्द्धनका लागि ऊर्जा वचत कार्यक्रम | • संस्थाबाट ऊर्जामा आधारित व्यवसाय प्रवर्द्धनका लागि ऊर्जा बचत शिर्षकमा सबै शेयर सदस्य एवं विद्युत उपभोक्ताहरुबाट नियमित बचत गर्ने गरी मिति २०७७ भाद्र २ गतेदेखि नियमित ऊर्जा वचत कार्यक्रम अभियानको रुपमा प्रारम्भ गरेको छ। यस ऊर्जा बचत कार्यक्रममा न्यूनतम रु.१००।- तोकिएको छ। यसको अतिरिक्त ऊर्जा बचतमा रु.१००।- भन्दा माथि जति सुकै रकम पनि बचत गर्न सकिने छ। ऊर्जा बचतकर्तालाई ऊर्जामा आधारित उद्यम व्यवसाय सञ्चालनका लागि ऋणको सुविधा छ । |
| १३ | ट्रान्सफरमर क्षमता विकास एवं प्रणाली सुदृढिकरण | • संस्थाको विद्युतिकरण क्षेत्रमा जडान भएका ट्रान्सफरमरहरुमा लोड बढेको र विद्युत लाइन समेत सुधार गर्नुपर्ने ठाउँहरुको अध्ययन गरी ट्रान्सफरमरको क्षमता वृद्धि तथा वितरण प्रणाली सुदृढीकरणको लागि प्रस्ताव तयार पार्ने काम भएको छ। यसलाई चाहिने आवश्यक स्रोतको व्यवस्था भएपछि फाइल अगाडि बढाइनेछ। |
| १४ | विद्युतीय सुरक्षा तथा ऊर्जा दक्षता सम्बन्धी १ दिने सचेतना कार्यक्रम सञ्चालन | • नेपाल इनर्जी फाउण्डेशसँगको सहकार्यमा ०७७ फाल्गुण ५ गते भारदेउबाट विद्युत सुरक्षा तथा ऊर्जा दक्षता सम्बन्धित सचेतना कार्यक्रम काठमाण्डौ विश्वविद्यालयको प्रतिनिधि समेतको उपस्थितिमा शुरु गरी मिति २०७७ फाल्गुण १३ गते नल्लु, देवीचौर र घुसेल तथा मिति २०७७ फाल्गुण १४ गते एकैदिन संस्थाको कार्यक्षेत्रभित्र विभिन्न २१ स्थानमा करिव २,५०० उपभोक्तालाई विद्युतीय सुरक्षा तथा ऊर्जा दक्षता सम्बन्धी १ दिने सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। |
| १५ | लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी २ दिने गोष्ठी सम्पन्न | • कोन्ज्योसोम र महाङ्काल गाउँपालिकाका महिला जनप्रतिनिधि तथा यस सहकारी संस्था लि.को सञ्चालक समितिका सदस्यहरुलाई मिति २०७७ फाल्गुण ८ र ९ गते कोन्ज्योसोम गाउँपालिका, वडा नं. ५ मा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी २ दिने गोष्ठी ग्रामीण प्रविधि केन्द्रको सहयोगमा सञ्चालन भएको थियो । |

| | | |
|---|---|---|
| १६ | संस्थाका विनियम एवम् विनियमावलीहरु परिमार्जन | • संस्थाको विनियम, विनियमावली एवम् निर्देशिकाहरु १९ औं वार्षिक साधारण सभाबाट संशोधन गरियो । संस्थाको विनियम २०५७, संशोधित विनियम २०६७ लाई समेत संशोधन भई संशोधित विनियम २०७७ प्रदेश सहकारी महाशाखाबाट स्वीकृत भइसकेको र संशोधित विनियमावलीले सहकारी संस्थाले ऊर्जामा आधारित व्यवसाय सञ्चालन गर्न ऊर्जाका लागि वचत र व्यवसाय विकासका लागि कर्जा प्रवाहको व्यवस्था गरेको छ । |
| १७ | विद्युतको पहुँच विस्तारका लागि मिटरमा अनुदान | • विद्युत लाइन पुगेर पनि मिटर जडान गर्न नसकेका उपभोक्ताहरुको घरमा मिटर जडानका लागि GiZ/Endev, घनत्व वृद्धि कार्यक्रममार्फत ग्राहस्थतर्फ ४२५ र उद्यम व्यवसायीतर्फ ३६ जनालाई मिटर जडानमा अनुदानको लागि सिफारिस गरिएको छ । |

शेयर सदस्यज्यूहरु,

दक्षिण ललितपुर ग्रामीण विद्युतीकरण अभियानको यो लामो यात्रामा हामीले ठोस उपलब्धिहरु हाँसिल गरेका छौं । समुदायिको सामाजिक आर्थिक विकासका लागि ऊर्जामा आधारित उद्यमशीलता तालिममार्फत व्यावसायिकता एवं महिला उद्यमशिलताको विकासको कार्यलाई निरन्तरता दिएका छौं । दक्षिण ललितपुरका विद्युत प्रसारणमा भोल्टेजको सुधार र गुणस्तर वितरणका लागि दक्षिण ललितपुर विद्युतिकरण अभियानको शुरु अवस्थादेखि नै प्रयत्न गरिएको उन्यूचौरमा सवस्टेशन निर्माणको कार्य छिटो गरी यसै आ.व.मा सम्पन्न हुने विश्वास लिएका छौं । सवस्टेशन निमार्णको कामलाई सहकारी संस्थाले प्राथमिकतामा राखी पहल गर्ने र स्थानीय क्षेत्रमा आइपरेका समस्या समाधानका लागि समन्वय र सहयोग गरिरहेको छ । यस सव-स्टेशन निर्माण कार्यक्रम सम्पन्न भएपछि दक्षिण ललितपुरमा मात्र नभई गोदावरी नगरपालिकाको लेले, चापागाउँ, बडीखेल र काभ्रे जिल्लाको बेथानचोक गाउँपालिकाका केही वडाहरुका समेत विद्युत सेवाको गुणस्तरमा सुधार हुनेछ ।

अब, संस्थाले आगामी दिनमा सञ्चालन गर्ने कार्यहरुबारे संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

१. **संस्थागत सुधार** : संस्थाको कार्यक्षेत्र, भौगोलिक अवस्थाको बावजुद ग्राहक सेवालाई सरल, प्रभावकारी र बढी सहभागितामूलक बनाउन संस्थाको कार्य प्रणालीमा सुधार गरी प्रविधिको प्रयोग गरिनेछ । संस्थाको मुख्य कार्यालय महाँकाल गाउँपालिका वडा नं. १ वुखेलको उन्यूचौर र ग्राहक सेवा केन्द्र वागमती गाउँपालिका वडा नं. ३ छपेलीलाई व्यवस्थित गरिने छ । चापागाउँमा रहेको कार्यालयलाई सम्पर्क कार्यालयको रुपमा सेवा सञ्चालन गरिनेछ । हाल उन्यूचौर कार्यालयबाट नो लाइट सेवाको रुपमा मात्र काम भएकाले यहाँबाट ग्राहक सेवा तथा अन्य सेवाको काम उपलब्ध हुनेगरी सेवा प्रारम्भ गरिने छ । संस्थाको मुख्य कार्यालय, सम्पर्क कार्यालय र सेवा केन्द्र सञ्चालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन र संस्थाको सम्पूर्ण व्यवस्थापकीय एवं प्राविधिक कार्यका लागि थप जनशक्ति व्यवस्था गरिनेछ । उपभोक्ताको सहजताका लागि पावर थप/घट, ठाउँसारी, रि-शिल्ड जस्ता सेवा कर्मचारीमार्फत उपभोक्ताको घर-घरमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । यसको प्रारम्भ यसै साधारण सभाको घुम्तीसेवामार्फत गरिनेछ ।

२. **सदस्यता** : नयाँ ग्राहकलाई संस्थाको शेयर सदस्य बनाउने व्यवस्थालाई शेयर लिन अनिवार्य गर्ने र घरमा मिटर जडान भएर पनि शेयर सदस्यता लिन बाँकी सबै विद्युत उपभोक्तालाई शेयर सदस्य बनाइने छ र ऊर्जा बचत कार्यक्रम सहभागी गराइने छ ।

३. **ग्रामीण विद्युतीकरण** : विद्युतीकरण कार्यक्रम (CRED) पाँचौ चरणको काम बागमती गाउँपालिका वडा नं. ७, गिम्दी साहुमाराका लागि पोलिङ कार्य शुरु भएकोले यसै आ.व.मा यो कार्यक्रम सम्पन्न गर्न पहल गरिने छ ।

४. **पुनः निर्माण र नियमित मर्मत सम्भार** : विद्युतको प्रसारण तथा वितरण लाइनलाई व्यवस्थित गर्न पूर्वाधार निर्माण तथा वाढी, पहिरोका कारण क्षति भएका संरचनाहरुको सुधार एवं पुनः निर्माण र आवश्यकता अनुसार नियमित मर्मत कार्यलाई निरन्तरता दिइनेछ । एल्.टी. लाइन मर्मतका तथा सुधारका लागि मर्मत सम्भार कोषबाट कार्यक्रम बनाई अगाडि बढाइने छ ।

५. **नविकरणीय ऊर्जा प्रवर्द्धन** : गाउँघरमा विदेशबाट आयातित एल्.पी. ग्याँसको प्रयोग बढेको र यो महङ्गो साथै झन्झटिलो भएकाले यसको प्रयोग घटाउन विद्युतीय चुलोको प्रवर्द्धन गरिनेछ । यसका लागि स्थानिय तह तथा विभिन्न संस्थाहरुको साझेदारीमा विद्युतीय चुलो प्रवर्द्धन कार्यलाई अगाडि बढाइनेछ । संस्थाको पहलमा ग्रामीण प्रविधि केन्द्र र महाङ्काल गाउँपालिका तथा कोन्ज्योसोम गाउँपालिकाको साझेदारीमा विद्युतीय चुलो खरिद गरी उपभोक्तालाई वितरण गर्ने काम सुरु भइसकेको छ । यसलाई सहजीकरण गर्न विद्युतीय चुलो र त्यसलाई आवश्यक भाँडाहरु विक्री वितरणको व्यवस्था गरिने छ ।

६. **महिला उद्यमशीलता विकास** : उद्यमी महिलाहरुलाई उद्यमशिलता विकासको परामर्श तथा तालिमको व्यवस्था गरिने छ । उत्कृष्ट महिला उद्यमीलाई प्रोत्साहन एवं व्यवसाय सञ्चालन तथा विस्तारका लागि कर्जाको व्याजमा सहुलियत गरिने छ ।

७. **विद्युतको उत्पादनमूलक उपयोग र प्रवर्द्धन** : विद्युत शक्तिलाई उज्यालोका लागि मात्र सिमित नराखी विद्युतमा आधारित उद्यम व्यवसाय प्रवर्द्धनलाई निरन्तरता दिइने छ । शेयर सदस्यहरुलाई उद्यम व्यवसायका लागि तालिम, प्रविधि, बजारीकरणका लागि परामर्श सेवा र वित्तीय सहयोगका लागि स्थानिय सहकारी एवम् वैंकहरुसंग समन्वय गरी सेवा उपलब्ध गराउन सहयोग गर्ने, कृषिमा आधारित उत्पादनमुलक उद्योग जडान शुल्क एवं विद्युतिय चुलो प्रयोगका लागि पावर थप गर्दा इन्डक्सन चुलो तथा त्यसमा प्रयोग हुने भाँडा खरिदको आधारमा पावर थप शुल्कमा ५०% छुटको व्यवस्था गरिने छ ।

८. **व्यवसाय प्रवर्द्धन तथा ऋण परिचालन** : महिला उद्यमशीलता तथा उद्यम व्यवसाय प्रवर्द्धनमा ऋण सेवालाई निरन्तरता दिइने छ । ऊर्जा बचत कार्यक्रमलाई ऊर्जामा आधारित व्यवसाय प्रवर्द्धनको माध्यमबाट अगाडि बढाइनेछ । यो कार्यक्रमलाई आवश्यक थप व्यवस्थापनका लागि अन्य संघ-संस्थासँग सहयोग लिने र सहकार्य गरिनेछ । संस्थाले ऊर्जा वचत तथा ऋणमा लिने व्याजदरलाई सरल बनाइने छ । नियमित कर्जाको किस्ता र व्याज समयमा बुझाउने ऋणीलाई कर्जा चुक्ता गरेको दिन निजले भुक्तानी गरेको ऋणमा जम्मा भुक्तानी गरेको व्याज रकमको १.५% फिर्ता गरिने छ ।

**९. मिटर रिडिङ र विलिङमा प्रविधिको प्रयोग** : मिटर रिडिङ र विलिङ कार्यमा प्रयोग भइरहेको प्रविधिलाई आवश्यक सुधार गर्दै प्रविधिमैत्री सेवा सञ्चालन गरिनेछ। विद्युतसम्बन्धी रिडिङ विलिङ रेकर्डको लागि सञ्चालनमा रहेको सफ्टवेयरलाई अफलाइनमा पनि सञ्चालनमा ल्याइनेछ र ग्राहकलाई विद्युत महसुल वुझाउन अनलाइन भुक्तानीको लागि हाल e-Sewa, Khalti, IME Pay मार्फत शुरु गरिएकोमा क्रमशः अन्य सेवा प्रदायक संस्थाबाट पनि सेवा सञ्चालनको व्यवस्था मिलाइने छ। संस्थाको सम्पूर्ण कारोवारलाई सफ्ट्वेयरमार्फत सञ्चालन गरिनेछ। व्यवस्थापन तथा उपभोक्ता सहजताका लागि सेवालाई छिटो, छरितो र पारदर्शिता बनाउन संस्थाको "दक्षिण ललितपुर विद्युत" एप्स मार्फत उपभोक्ताले आफ्नो मिटर रिडिङ आफैं गर्न र आफ्नो विलिङ विवरण संस्थाको गतिविधिसम्म हेर्न सक्ने गरी एप्सको निर्माण गरिनेछ। साथै महसुल भूक्तानी यसै एप्सबाट गर्न समेत सकिनेछ भने व्यवस्थापनबाट संस्थाको दैनिक कारोवार, गतिविधि जुनसुकै ठाउँबाट पनि हेर्न सक्ने तथा महसुल भुक्तानीदेखि दोहोरो सूचना प्रवाह यसै एप्सबाट गरिने छ।

**१० .तालिम तथा क्षमता विकास कार्यक्रम** : स्थानिय युवाहरुलाई विद्युत लाइन निर्माण एवं मर्मत तालिम, हाउस वायरिङ, मोटर मर्मतको तालिम सञ्चालनको लागि तालिमको व्यवस्था गरिने छ। सञ्चालक समितिलाई सहकारी व्यवस्थापन तालिम र कर्मचारीको लागि प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकासको तालिमको व्यवस्था गरिनेछ। विद्युत उपभोक्ता एवं शेयर सदस्यहरुलाई सामुदायिक विद्युत र सहकारी शिक्षा, विद्युतको सुरक्षा र विद्युतको परिप्रयोग सम्बन्धि अभिमुखीकरण तालिम सञ्चालन गरिने छ।

**११. स्थानिय सहकारीहरुको विचमा समन्वय वा सहकार्य** : कार्य क्षेत्रका उपभोक्ताहरुलाई पुऱ्याइने सेवा प्रभावकारी र भरपर्दो बनाउन र ऊर्जामा आधारित व्यवसायमा लगानी गर्न, शिप विकासको तालिम सञ्चालन गर्न र दक्षिण ललितपुरमा कार्यक्षेत्र भएका सहकारीहरुका विच सहकार्य गरी व्यवसायिकताको विकास र स्वरोजगारी सिर्जना, उद्यम व्यवसायमा ऋण लगानीका लागि समेत समन्वय र सहकार्य गरिनेछ। स्थानिय सहकारीहरुमा esewa, Khalti जस्ता अनलाईन भुक्तानी गर्ने संस्थाको व्यवसाय सदस्य (Point) बनाउन सहयोग गरिनेछ। प्रविधिको प्रयोग एवं अनलाइन भुक्तानी प्रक्रियामा सहकारी संस्थाहरुमा सहकार्य गरिने छ।

**१२. सव स्टेशन निर्माण** : दक्षिण ललितपुरको विद्युत सेवा सञ्चालनको लागि महाँकाल गाउँपालिका वडा नं.१, बुखेलको उन्यूचौरमा निर्माण हुन गइरहेको सवस्टेशनलाई यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न पहलन गरिने छ।

**१३. संस्थाको विनियम, विनियमावली एवं निर्देशिकाहरुको संशोधन पुर्नलेखन** : संस्थाको विनियम २०५७, २०६७ मा भएको संशोधन र विनियमको २०७७ को संशोधित अंशलाई समेत एकीकृत गरी विनियम पुर्नलेखन गर्ने। निर्देशिका एवं विनियमावली समयानुसार संशोधन गरिनेछ।

**१४. वेबसाइटको सञ्चालन** : संस्थाले वेवसाइट www.slrec.org.np सञ्चालन गरी संस्थाको पहिचान र सुचनाहरुलाई व्यवस्थित गरिनेछ। संस्थाका गतिविधी, प्रतिवेदनहरु, प्रकाशन, ऊजा र सामुदायिक विद्युतमा आधारित लेख रचनाहरुलाई वेव साइटमा राखिनेछ। उपभोक्तालाई आवश्यक पर्ने संस्थाका आवश्यक निवेदन तथा फारमहरु पनि वेबसाइटबाट डाउनलोड गर्न सकिने गरी राखिनेछ। संस्थाको ऐतिहासिक दस्तावेज एवं महत्वपूर्ण कागजातलाई विद्युतीय प्रणालीमा राखिने छ।

१५. **संस्थाको भवन निर्माण** : यस सहकारी संस्थाको आफ्नो निजी भवन निर्माण गर्न अत्ति आवश्यक भएकाले भवन निर्माणको लीग सेवा क्षेत्रमा जग्गा खरिद गर्ने र भवन निर्माणका लागि स्रोत व्यवस्थापन गरी भवन निर्माणको काम गरिनेछ। यसमा सबैको सहयोगको अपेक्षा गरिन्छ।

१६. विद्युत उत्पादन : संस्थाबाट सम्भाव्यता अध्ययन समेत भएको  दुर्लुङ्गखोला जलविद्युत आयोजना निर्माणको लागि  स्थानिय तथा प्रदेश सरकारलाई लगानीको अनुरोध गर्दै स्थानीय समुदाय एवं निजी लगानीकर्ताहरु समेत लगानीमा सहभागी गराई दुर्लुङ्गखोला विद्युत उत्पादन योजनालाई लगाडि बढाउन इच्छुक लगानीकर्ताहरुलाई समेत अनुरोध छ।

१७. कर्जा असुली :यस सहकारी संस्थाबाट ग्रामीण वस्तीमा विद्युतको पहुँचसँगै विद्युतको पहुँच विस्तार, विद्युतमा आधारित उद्यम व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने गरी व्यवसाय प्रवर्द्धन तथा ऋण लगानी कार्यक्रम अन्तरगत लगानीमा रहेका भाका नाघेका एवं खराब कर्जा असुलीको कार्यलाई प्राथमिकतामा राखेर असुलि प्रक्रियालाई जोड दिईने छ।

१८. विद्युत महसुल वक्यौता असुली : यस विद्युत सहकारी संस्था लि.मा विद्युत महसुल बुझाउन बाँकी रहेका उपभोक्ताहरुलाई ताकेता गर्दा पनि विद्युत महसुस वक्यौता असुलीमा ढिलाई भएकोले नियमानुसार कारवाही गरी बाँकी बक्यौता असुली गरिने छ।

१९. ३ वर्षे व्यावसायिक योजना : यस सहकारी संस्थाले मिति २०७७ असोजमा तर्जुमा गरेको ३ वर्षे व्यावसायिक योजनालाई ध्यानमा राखेर संस्थाको कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै यस व्यावसायिक योजनालाई अर्धवार्षिक र वार्षिक समीक्षा गरी व्यावसायीक योजनाको लक्ष्य प्राप्तीका लागि कार्य गरिने छ।

२०. **वार्षिक कार्यक्रम तथा संस्था स्थापना दिवस** : यस सहकारी संस्था लि. को वार्षिक कार्यक्रमलाई रचनात्मक कार्यक्रममार्फत निरन्तरता दिँदै संस्था स्थापना दिवस मनाइने छ।

२१. **कर्मचारी तथा तेश्रो पक्ष विमा** (Public Liabilities Insurance) यस सहकारी संस्था लि.मा कार्यरत कर्मचारीहरुको लागि गरिएको दुर्घटना विमालाई निरन्तरता दिने र संस्थाले तेश्रो पक्षको Public Liabilities Insurance गरिनेछ।

## हाम्रा महत्वपूर्ण सवालहरु

**शेयर सदस्य ज्यूहरु सामुदायीक विद्युत कार्यक्रममा हाम्रा महत्वपूर्ण सवालहरु रहेकोमा सम्बन्धित निकायबाट तल्काल समाधानकोलागि अपिल गर्दछौं।**

१. **सामुदायीक विद्युत उपभोक्ता/सहकारी संस्थाहरुकोलागि तय गरिएको विद्युत महशुल दर व्यवहारिक र समुदायमैत्री नहुनाले नेपाल विद्युत प्राधिकरणबाट संस्थाले थोक दरमा विद्युत खरिद गर्दा प्राविधिक चुहावट समेत भुक्तानी गर्नुपर्ने, सिचाइ र खानेपानीका ग्राहकहरुलाई बिक्री गर्ने बिक्रि दर भन्दा संस्थाले खरिद गरेको दर महङ्गो भएकाले संस्थाहरुलाई ग्राहक सेवा सञ्चालन एवं कर्मचारीको पारिश्रमिक व्यवस्थापन गर्न समेत कठिन भएको छ। यसलाई सामुदायिक मैत्री एवं न्यायसंगत महशुल दर निर्धारण गर्न नेपाल विद्युत प्राधिकरण र विद्युत नियमन आयोगको ध्यानाकर्षण गर्दछौं।**

२. **राज्यले विद्युतको खपत बढाउने ग्रामीण क्षेत्रमा उद्यमशिलता विकासको उद्देश्य लिएपनि सामुदायिक विद्युत विनियमावलीमा सामुदायीक संस्थाको लागि ५० के.भि.ए सम्मका मात्र ग्राहक बनाउन पाउने व्यवस्थालाई हटाई ग्रामिण क्षेत्रमा पनि उद्यमशिलता विकास गरि विद्युत खपत बढाउन ५० के.भि.ए को लोड सिमालाई खारेज गर्न अनुरोध गर्दछौं ।**

३. **सामुदायीक संस्थाको स्थापना कालदेखि कार्यक्षेत्र भित्रको एट.टि लाइन मर्मत गर्ने जिम्मेवारी ने.वि.प्राको रहेकोमा हाल संशोधित विनियमावलिमा एच.टि लाईन मर्मत गर्ने दायित्व सामुदायीक संस्था तर्फ राखिएकोले उक्त विनियमावलीको यो प्रावधानलाई तत्काल सुधार गर्न जोडदार माग गर्दछौं ।**

४. **सामुदायीक संसथाले आफ्नो क्षेत्रमा आवश्यक पर्ने इनर्जी मिटर लगायत विद्युतिय सामान ने.वि.प्राबाट परल मुल्यमा उपलब्ध गराउने विनियमावलिमा व्यवस्था भएपनि संस्थालाई अति आवश्यक पर्ने सिल प्लायर उपलब्ध हुन नसकेको साथै ग्राहकले प्रयोग गर्ने इनर्जी मिटर, फिडर तथा ट्रान्सफर्मरहरुमा जडान भएका टि.ओ.डि मिटर पटक पटक जलीरहने हुँदा उक्त सामानको ग्यारेन्टी अवधिमा समेत सोध भर्ना प्राप्त हुन नसकेले उक्त सामान ग्यारेन्टी अवधिमा बिग्रिएमा सोध भर्ना गर्न जोडदार अनुरोध गर्दछौं**

५. **सामुदायीक संस्थाले फिडर तथा ट्रान्सफर्मरमा जडान हुने थोक तथा टि.ओ.डि मिटर जडान एवं मर्मत तथा बदली गर्दा सामुदायीक ग्रामीण विद्युतिकरण कार्यक्रमको प्रावधान १०-९०% को लगानिको आधारमा गर्ने व्यवस्था मिलाउन जोडदार अनुरोध गर्दछौं ।**

६. **ने.वि.प्रा.ले विद्युत महशुल समयमा बुझाए वापत उपलब्ध गराएको ३% छुट बाट घटाई २% कायम गरेको र महशुल बुझाउने अवधि १५ दिनबाट घटाइ ७ दिन कायम गरेकोमा सो निर्णय तत्काल संशोधन गरि छुट न्युनतम ३% र सामुदायीक संस्थाको महशुल भुक्तानी अवधि १५ दिन कायम गर्ने जोडदार अनुरोध गर्दछौं ।**

अन्तमा, यस सामुदायिक ग्रामीण विद्युतीकरण अभियानदेखि हालसम्मको यात्रामा सहयोग पुऱ्याउनु हुने सञ्चालक समिति तथा विभिन्न उप-समितिका पदाधिकारीहरु, निरन्तर सेवामा खटिएका कर्मचारीहरु, शेयर सदस्यहरु, महत्वपूर्ण साझेदार सरकारी तथा गैह्रसरकारी संस्थाहरु र संस्थाका कार्यक्रममा सहयात्रा गर्ने सहयोगी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !

जय सहकारी

जय सामुदायिक विद्युत

गोविन्द प्रसाद बजगाईं

अध्यक्ष

**दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड**
**South Lalitpur Rural Electric Cooperative Ltd. (SLREC)**
चापागाउँ, ललितपुर
फोन/फ्याक्सः ५२६५१९३
Email: slrec2057@gmail.com ,
Website: www.slrec.org.np

च.नं./ Ref .No:-

**बिसौं वार्षिक साधारण सभामा**
**लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन**
**२–२३ पौष, २०७८**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेडको बिसौं बार्षिक साधारण सभाको अवसरमा यहाँ हामी सगौरव उपस्थित भइरहेका छौं। विश्वव्यापी रुपमा फैलिइरहको कोभिड-१९ को प्रकोपको कारण कठिन अवस्था सिर्जना भएको हुँदा यस कठिन घडीमा संस्थाले तपाईं हामी सबैको सुरक्षालाई ध्यानमा राखेर संस्थाको कार्यक्षेत्रभित्र शेयर सदस्यहरुलाई पायक पर्ने विभिन्न स्थानहरुमा साधारणसभाका लागि उपस्थिति हुन सहज हुने गरी केन्द्रहरु राखी मिति ०७८ पौष २ देखि २३ गतेसम्म सञ्चालन गरेको छ। यस सभाको सभापतित्व गरिरहनु भएका संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, संचालक समितिका पदाधिकारीज्यूहरु, संचालक सदस्यज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु, पत्रकारज्यूहरु, कर्मचारी, लेखा समितिका सहकर्मी मित्रहरु, यस संस्थाको गरिमामय सभामा उपस्थित हुनुभएका भद्र तथा सज्जन महानुभावहरुमा लेखा समितिको तर्फबाट हार्दिक न्यानो अभिवादन गर्दछु।

यस बिसौं साधारणसभाको गौरवमय समारोहको विचमा लेखा समितिको तर्फबाट सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, ने.वि.प्रा. सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली-२०७१ र यस संस्थाको विनियामवलीमा व्यवस्था भए अनुसार लेखा तथा सुपरिवेक्षण समितिको तर्फवाट आ.व. २०७७/२०७८ को प्रतिवेदन यस गरिमामय साधारणसभामा प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

आदरणीय शेयर सदस्य महानुभावज्यूहरु, अब म यस संस्थाले आ.व २०७७/२०७८ मा गरेका विभिन्न गतिविधिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु।

- सञ्चालक समिति बैठक - १० पटक बसेको पाइयो।
- लेखा समितिको बैठक - १ पटक वस्यो।
- संस्थाको २०७८ असार मसान्तसम्म कूल शेयर सदस्य संस्थागत र व्यक्तिगत गरि ४५२० रहेको पाईयो र २०७८ मंसिर मसान्तसम्ममा जम्मा ६९३१ घरहरुमा विद्युत सेवा पुगेको पाइयो।
- संस्थाको वार्षिक कारोवार रु.४,६८,१७,९२१।७८ रहेको पाईयो।
- संस्थाले आ.व. ०७७/०७८ मा कर रकम रु. ४,४३,५८९.८६ भुक्तानी गर्न वाँकी रहेको पाइयो।

- संस्थाले आ.व.२०७७/०७८ मा थप ४९५ घरमा विद्युत जडान गरी हालसम्म तीन वटा गाउँपालिकाका १८ वटा वडाहरु र एक नगर वडा देवीचौर सहित १९ वडाहरुका ६८५५ ग्राहकमा सेवा पुऱ्याइएको पाईयो ।
- संस्थाले यस आ.व. ०७७/०७८ देखि शेयर सदस्यहरु तथा विद्युत ग्राहकहरुबाट नियमित ऊर्जा बचत संकलन शुरु गरेको पाइयो ।
- विद्युतीकरण कार्यक्रम सञ्चालन गर्न आ.व. ०७५/०७६ मा वजेट अभाव भएकाले सामुदायिक ग्रामीण विद्युतीकरण विभागको आवर्ती कोषवाट ऋण समेत लिई सामुदायिक ग्रामीण विद्युतीकरण (१०/९०) चौथो लटको कार्यक्रम अगाडि वढाएकोमा उक्त आवर्ती कोष ऋण फिर्ता गर्न बाँकी रहेको पाइयो ।
- यस संस्थावाट विद्युत सेवा प्राप्त गरेका सबै ग्राहकहरुलाई संस्थाको अनिवार्य शेयर सदस्य बनाउन पहल गरेको पाइयो ।
- महिला उद्यम विकासको क्षेत्रमा छुट्टै कोष बनाई महिला उद्यम प्रवर्द्धन कार्य गरेको पाईयो ।
- लेखा समितिले दिएका सुझावहरुलाई क्रमशः कार्यान्वयन गरेको पाइयो ।
- आर्थिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन र मिटर रिडिङ विलिङमा प्रविधिको प्रयोग गर्न दियालो टेक्नोलोजी प्रा.लि.सँग मोवाइल एप्सको सम्झौता गरी सफ्टवेयरको सुरुवात गरेको पाइयो । संस्थाको लेखालाई पारदर्शि र सहज बनाउनको लागि इजि सफ्टवेयरको प्रयोग सँगै यस आ.ब.बाट विद्युतयि भुक्तानीको माध्यम इ-सेवा, खल्ती तथा IME Pay सँग सम्झौता गरी विद्युत महशुल संकलन गरेको पाइयो । समयानुकुल सफ्टवेयरलाई अपडेट गर्दै लगेको देखियो ।
- व्यवसाय प्रवर्द्धनमा ऊर्जा वचत कार्यक्रमलाई विशेष प्राथमिकता दिई काम अगाडि बढाइएको पाइयो ।
- भाका नाघेको ऋण तथा विद्युत महसुल वक्यौता असुलीलाई प्राथमिकतामा राखेको पाइयो ।
- संस्थाको कारोवारलाई प्रविधिमैत्री बनाउँदै डिजिटलाइज्ड गर्दै गरेको पाइयो । साथै संस्थाको आफ्नै मोवाइल एप्स (दक्षिण ललितपुर विद्युत) निर्माण भएको पाइयो ।
- CRED चौथो लट कार्यक्रम कार्यान्वयन सम्पन्न गरी पाँचौ चरणको कार्यक्रम शुरु भई पोलिङको काम भइरहेको पाइयो ।

**सुझावहरु :**

१. ट्रान्सफर्मर उपसमितिहरुलाई सक्रिय बनाई थप जिम्मेवार वनाउनको लागि ट्रान्सफरमर उपसमितिहरुको पुर्नगठन गर्नुपर्ने देखिन्छ ।

२. संस्थाको दिगो विकास गर्न कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि, आम्दानीका श्रोतहरु पहिचान गर्ने र चुस्त दुरुस्त व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।

३. विद्युत उपभोग गर्ने सवै उपभोक्ता एवम् सदस्यहरुलाई सामुदायिक ग्रामीण विद्युत, संस्थाको कार्यक्रम र विद्युत उपभोग तथा सुरक्षा सम्वन्धमा आवश्यक जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

४. संस्थाको उपसमितिहरुलाई सक्रियतापूर्वक परिचालन गर्नका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

५. राज्यको संघीय ढाँचा अनुसार यस संस्थाको मुख्य कार्यालय र समन्वय कार्यालयलाई कार्यक्षेत्रमा रहने गरी व्यवस्था गरिनुपर्ने र स्थानीय सरकारको रुपमा रहेको स्थानीय निकायसँग समन्वय गरी सेवा विस्तार एवम् व्यवस्थित गर्नुपर्ने देखिन्छ।

६. संस्थाको शेयर सदस्य संख्या बढ्दो क्रममा भएकोले वडा तथा ट्रान्सफरमर स्तरीय रुपमा साधारण सभामा प्रतिनिधित्व सुनिश्चित गर्न कार्यविधी वनाई प्रकृया अगाडि वढाउन सुझाव दिइन्छ।

७. दुर्लुङखोला जलविद्युत आयोजनाको प्रगतिको लागि आवश्यक पहल कदमी लिई आयोजनाको काम अगाडि वढाउनुपर्ने देखिन्छ।

८. विद्युत महसुल बक्यौता, ऋण बक्यौता तथा स्टोरमा देखिएको बक्यौता रकम असुलीका लागि निरन्तर पहलकदमी गर्नुपर्ने देखिन्छ।

९. उन्यूचौरमा सव-स्टेशनको निर्माण कार्य छिटो सम्पन्न गर्न पहल गर्नुपर्ने देखिन्छ।

१०. सञ्चालक समितिले निर्णय गरेका कार्यहरु छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने देखिन्छ।

११. संस्थामा कार्य सम्पादनको लागि हाल कार्यालय प्रमुख (उपप्रवन्धक)बाट काम भइरहेको र अध्यक्षबाट संस्थाका नियमित कार्य सञ्चालनमा थप सहयोग रहेकोमा जनशक्ति कम भएकाले आवश्यक कर्मचारी सहित प्रबन्धकको व्यवस्था गर्नुपर्ने देखिन्छ।

अन्त्यमा,

लेखा तथा सुपरीवेक्षण समितिको कामलाई सहयोग पुऱ्याउनुहुने सञ्चालक समिति, कर्मचारी मित्रहरु, शेयर धनी महानुभावहरु सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं। आगामी दिनमा यहाँहरुको सक्रिय भूमिकाले यस संस्थाको साख र भूमिका प्रगाढ हुनेछ भन्ने पूर्ण आशा एवम् विश्वास व्यक्त गरिन्छ।

धन्यवाद !
जय सहकारी !!
जय सामुदायिक विद्युत !!!

संयोजक : ओमनाथ अधिकारी
सदस्य : सावित्री बजगाँई घिमिरे
सदस्य : प्रकाश तिमल्सिना

**चापागाउँ, ललितपुर**
**बिसौँ वार्षिक साधारण सभामा**
**कोषाध्यक्षको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २-२३ पौष, २०७८**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.को २०औं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, सभामा उपस्थित हुनुभएका आदरणिय शेयर सदस्यज्यूहरु, पत्रकारज्यूहरु तथा कर्मचारी साथीहरुमा म कोषाध्यक्षको तर्फबाट हार्दिक न्यानो अभिवादन तथा नमस्कार !

आजको यस गरिमामय २०औं वार्षिक साधारण सभाको भव्य र सभ्य समारोहका विचमा कोषाध्यक्षको हैसियतले आफ्नो प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरव महसुस गरिरहेको छु । आदरणिय शेयर सदस्य महानुभावहरु, यस संस्थाले आफ्नो गतिविधिहरु सञ्चालन गरिरहँदा विभिन्न प्रकारका चुनौतीहरु सामना गर्दै आएकै हो । पछिल्लो पटक आर्थिक वर्ष ०७६/०७७ मा संस्थाले अवलम्बन गरेका केही कार्यक्रम एवं वित्तिय व्यवस्थापनका कामहरु नसकिदैं कोभिड १९ को प्रभावले अपेक्षित कार्य सम्पादन गर्न नसकेको जानकारी गराउँदछु । त्यसै गरी कोभिड १९ को दोस्रो लहर चल्नु र त्यस अवधिमा सरकारले जारी गरेको निषेधाज्ञाका कारण आ.व. ०७७/०७८ को यस अवधिमा पनि संस्थाको नियमित कारोवार, महसुल संकलन, वचत संकलन, ऋण लगानी तथा असुली र समग्रमा ग्राहक सेवा सञ्चालनमा समेत कठिनाई परेको व्यहोरा अवगत गराउन चाहन्छु । त्यसै गरी संस्थालाई सबल, सक्षम र दिगो बनाउनका निमित्त संस्थाले ३ वर्षे व्यावसायिक योजना तर्जुमा गर्ने, संस्थालाई प्रविधिमैत्री बनाउँदै अगाडि बढिरहँदा विश्वव्यापी महामारिको रुपमा देखा परेको कोभिड-१९ ले आक्रान्त बनाउँद समेत हामी सेवामा निरन्तर लागि परेको यहाँहरु समक्ष जगजाहेर छ ।

यद्यपि यस विषम परिस्थितिमा समेत यस संस्था र संस्थाका आदरणिय सदस्यहरु तथा कर्मचारीहरुविच विषम परिस्थितिको समिक्षा गर्दै निरन्तर अघि बढिरहेका छौं । संस्था र सदस्यविच यस प्रकारको सहकार्य, सहयोग, भरोसा र विश्वासलाई निरन्तर कायम राखी सम्पूर्ण सदस्यहरुको आशा एवं भरोसाको रुपमा रहेको यो संस्थालाई आगामि दिनमा समेत निरन्तर प्रगति पथमा अगाडि बढाउन संस्थाका सबै समिति तथा उपसमितिहरु, व्यवस्थापन र सदस्यहरु क्रियाशील रहेको व्यहोरा समेत यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु ।

आदरणिय शेयर सदस्यज्यूहरु,

आर्थिक वर्ष २०७८/०७९ मा संस्थाले अवलम्वन गर्ने निति तथा कार्यक्रमहरुको विवरण संस्थाका अध्यक्षज्यूको प्रतिवेदनमा पेश भएको व्यहोरा अवगत गर्दै आ.व. २०७७/०७८को यथार्थ आय व्यय तथा आ.व.०७८/०७९ को अनुमानित वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# वार्षिक कार्यक्रम तथा बजेट २०७८/०७९

## आम्दानी

| बजेट शिर्षक | कार्यक्रम | आ.व.०७७/०७८ यथार्थ आम्दानी | आ.व.०७८/०७९ संशोधित अनुमान | आ.व.०७९/०८० अनुमान |
|---|---|---|---|---|
| १ | बिद्युत महसुल आम्दानी | २३३३७९५४.२६ | २८००५५४५.१ | ३०८०६०९९.६ |
| २ | विद्युत सेवा सञ्चालन आम्दानी | ८२३४९७.३७ | ८८११२२.७ | ९६९२३५.० |
| ३ | ग्राहक सेवा सञ्चालन आम्दानी | ६२५३५०.०० | ५६६४२०.० | ५९४७४१.० |
| ४ | मिटर बिक्रि | ३४४४८२.०४ | ५६६७५.० | ३५५००.० |
| ५ | शेयर सदस्यता | ४१६५७५.०० | २७०००००.० | २०००००.० |
| ६ | ऋणबाट ब्याज तथा प्रशासनिक आम्दानी | ५९४४०५.५७ | १५००००००.० | २२५०००००.० |
| ७ | बैंकबाट ब्याज तथा लगानीबाट आम्दानी | ९२०७६२.०७ | १२००००००.० | १५००००००.० |
| ८ | परियोजना तथा विद्युतीकरण आम्दानी | ४००००.० | ५०००००.० | ५५००००.० |
| ९ | स्थानीय पाठ्यक्रम तथा बिज्ञान आम्दानी | १२४७४०.० | ७५०००.० | ५००००.० |
| १० | Loss reduction Research कार्यक्रम आम्दानी | ०.० | ३०००००.० | ०.० |
| ११ | विविध आम्दानी | ७२५६०.० | ६५०००.० | ६००००.० |
| | जम्मा | २७३००३२६।२७ | ३३४१९७६२.८५ | ३७०१५५७५.६ |

## खर्च

| बजेट शिर्षक | कार्यक्रम | आ.व.०७७/०७८ यथार्थ | आ.व.०७८/०७९ संशोधित अनुमानित | आ.व.०७९/८० अनुमान |
|---|---|---|---|---|
| १ | विद्यतु महसुल | १००१६३०८.४२ | ११०१७९३९.३ | १२११९७३३.२ |
| २ | विद्युत सञ्चालन सेवा शुल्क खर्च | २१५६७५.०० | २३७२४२.५ | २६०९६६.८ |
| ३ | मर्मत संभार कोष खर्च | १८२०२९७.० | २००२३२६.७ | २२०२५५९.४ |
| ४ | विद्युत महशुल छुट खर्च | २४८९२०.१ | ४७२९४८.१ | ४९६५९५.५ |
| ५ | कर्मचारी तलब तथा अन्य सेवा सुविधा खर्च | ४९१३६८२.० | ६१४२१०२.५ | ७६७७६२८.१ |
| ६ | घरभाडा खर्च | ७०१११६.० | ७३६१७१.८ | ८०९७८९.० |
| ७ | छपाइ तथा मसलन्ध खर्च | १८१७२०.० | १९९८९२.० | २१९८८१.२ |
| ८ | बैठक भत्ता खर्च | १५७०००.० | २८००००.० | ३०८०००.० |
| ९ | साधारण सभा, वार्षिक कार्यक्रम खर्च | ९७६१२९.० | १४५३८००.० | १७४४५६०.० |
| १० | तालिम तथा गोष्ठि खर्च | ०.० | ३५००००.० | ३५००००.० |
| ११ | अतिथि सत्कार तथा बैठक खाजा खर्च | ६५८७५.० | २१००००.० | २२०५००.० |
| १२ | कार्यालय सामाग्री मर्मत, बिजुलि तथा सञ्चार खर्च | २१६६०५.० | २७००४२.० | २९७०४६.२ |
| १३ | कार्यालय व्यवस्थापन खर्च | ५८१५१.० | २५००००.० | २५५०००.० |
| १४ | वेवसाइट सफ्टवेयर निर्माण तथा नवीकरण खर्च | ११४३००.० | ४५५०७०.० | २२५०००.० |
| १५ | बाह्य तथा आन्तरीक लेखापरीक्षण खर्च | २८२५०.० | ४५०००.० | ४९५००.० |
| १६ | ब्याज खर्च | ७८७००२.९ | ९८३७५३.७ | १२२९६९२.१ |
| १७ | सदस्यता तथा बैंक ग्यारेन्टी नविकरण खर्च | ५६६७०.० | ७९७७५.० | ८७७५२.५ |
| १८ | स्वास्थ्य तथा सरसफाइ खर्च | ३६९६४.० | ४५८५०.० | ५९६०५.० |
| १९ | ह्रासकट्टी खर्च | २२३५४२.५ | २४५८९६.८ | २७०४८६.४ |
| २० | कार्यालयमा फुटकर खर्च | ६५८३०.० | १५००००.० | १६५०००.० |

| | | | | |
|---|---|---|---|---|
| २१ | बिमा खर्च | ४४७९०.० | १०९२७०.० | ११४७३३.५ |
| २२ | ढुवानी खर्च | २३७३०६.० | ३१२०००.० | ३४३२००.० |
| २३ | विज्ञापन खर्च | ५०००.० | ४५०००.० | ४५०००.० |
| २४ | यातायात तथा इनधन खर्च | ९१३७५.० | १५००००.० | २०००००.० |
| २५ | फिल्ड तथा कार्यक्रम सञ्चालन खर्च | ७३७९२८.१ | ८११७२०.९ | ८५२३०६.९ |
| २६ | भैपरी आउने तथा प्रोत्साहन खर्च | २३५०१०.१ | १२५०००.० | १५५०००.० |
| २७ | प्रकाशन खर्च | ७८०००.० | २५००००.० | ५००००.० |
| २८ | नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा जनचेतना कार्यक्रम खर्च | ०.० | २५००००.० | २५५०००.० |
| २९ | Loss reduction तथा बक्यौता असुलि खर्च | ०.० | २५००००.० | २७५०००.० |
| ३० | अध्ययन अवलोकन | ०.० | ४५००००.० | ४५००००.० |
| **जम्मा** | | २२३१३४४७.०५ | २८३८०८०१.१७ | ३१७८९५३५.८ |

अन्तमा,

यस संस्थासँग आवद्ध रही नियमित कारोवार गरी संस्थाको निरन्तर वृद्धि तथा विकासमा महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण सदस्यहरु, समिति तथा उप-समितिका पदाधिकारी एवं सदस्यहरु, कर्मचारीहरु, हाम्रो संस्थासँग वित्तिय कारोवार गर्ने वैंक तथा वित्तिय संस्थाका मित्रहरु, विभिन्न कार्यक्रमहरुमा सहकार्य गर्दै सहयोग गर्नुहुने विभिन्न संघ तथा संस्थाहरु, साथै २० औं साधारण सभामा उपस्थित हुनुभइ हामीलाई ऊर्जा प्रदान गर्नुहुने प्रमुख अतिथि,  विशेष अतिथि तथा अतिथिज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदन माथि खुल्ला छलफल गरी पारित गरिदिनुहुन सदस्यज्यूहरु समक्ष अनुरोध गर्दछु ।

धन्यवाद !

जय सहकारी
गोविन्द प्रसाद घिमिरे
कोषाध्यक्ष

# विश्व एण्ड एसोसियट्स

रजिष्टर्ड लेखापरीक्षक
दर्ता नं-४५९३
प्र.प.न.२७३९(ख)
सदस्यता नं ७०६३
स्थायी लेखा नम्बर . ३०१९२५९९४

फोन नं ०१-५२६५६१७
९८४१२३९२६९(मो)
गोदावरी नगरपालिका-११ ललितपुर


## स्वतन्त्र लेखापरिक्षण प्रतिबेदन

**शेयरधनी सदस्यमहानुभावहरु,**
**श्री दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लिमिटेड**
**गोदावरी नगरपालिका चापागाँउ, ललितपुर**

### वित्तीय विवरण उपर प्रतिवेदन

हामीले **श्री दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लिमिटेड**को वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ, जसमा २०७८ आषाढ मसान्तको वित्तीय स्थिति विवरण र सोही मितिमा समाप्त वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा इक्विटी ( स्वमित्व कोष ) मा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति तथा लेखा टिप्पणी समावेश हुन्छ ।

### वित्तीय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

प्रचलित कानून तथा नेपाल लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुति गर्नु **श्री दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लिमिटेड**को व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटिको कारण, रहित छ भनि तयारी र प्रस्तुति गर्ने कार्यसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्था उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन ।

### लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफनो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । सहकारी ऐन २०७४ नियमावलि,२०७५ र सम्बन्धित स्थानिय निकायले जारी गरेको निर्देशिकामा उल्लेखित प्रावधानहरु ,नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरीक्षण मानहरु वमोजिम वित्तीय विवरणहरु गलत आंकडा रहित छ भनि विश्वस्त हुन लेखापरीक्षकले नैतिक मूल्य मान्यताको पालना गर्नु पर्दछ र सो वमोजिम लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्टि गर्ने प्रमाणको नमूना (छड्के) परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । **श्री दक्षिण ललितपुर ग्रामीण बिद्युत सहकारी संस्था लिमिटेड**ले अवलम्वन गरेको लेखा नीति, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

उपरोक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी निम्नानुसारको प्रतिवेदन पेश गरेका छौ ।

(क) लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेको सूचना र स्पष्टीकरणहरु प्रष्ट रुपमा पायौं ।
(ख) संलग्न स्थिति विवरण-पत्र (वासलात) तथा आय-व्यय हिसाब विवरण सहकारी संस्थाले राखेको हिसाब किताबसंग दुरुस्त रहेको छ ।
(ग) संस्थाले आफ्नो हिसाब किताब दाहोरा श्रेस्ता प्रणालीमा आधारीत प्रणालीमा राखेको छ ।

(घ) उपलब्ध जानकारी एवं दिएको स्पष्टिकरण र उपलब्ध परीक्षण गरेको श्रेस्ताहरुबाट संस्थाका संचालक समिति ,तथा संस्थाका कुनै कर्मचारीले सहकारी संस्थालाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको हाम्रो जानकारीमा आएन ।

नेपाल लेखामान र सहकारी ऐन २०७४ नियमावलि २०७५ र सम्बन्धित निकायले जारी गरेको निर्देशिका तथा मापदण्डमा उल्लेखित प्रावधानहरु मध्ये टिप्पणी अनुसुचीमा उल्लेखित दफाहरु लगायत अन्य केहि प्रावधान बाहेक हाम्रो विचारमा उल्लेखित वित्तीय विवरणहरुले २०७८ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको कारोवारको नतिजा र नगद प्रवाहको सही र यथार्थ चित्रण गर्दछ ।

मिति २०७८।०८।१७
ललितपुर

(बिश्व देव श्रेष्ठ)
रजिष्टर्ड लेखापरीक्षक
बिश्व एण्ड एसोसिएट्स

# दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड

गोदावरी नगरपालिका- ११, चापागाउँ, ललितपुर

२०७८ आषाढ मसान्तको

**स्थिति विवरण पत्र (वासलात)**

| पुंजी तथा दायित्व | अनुसूची | ०७८ अषाढ | ०७७ अषाढ |
|---|---|---|---|
| शेयर पुंजी | १ | ९,५५३,000.00 | ८,८७६,000.00 |
| जगेडा तथा अन्य कोष | २ | १३,५६३,९४८.७० | ९,१२३,१९९.७९ |
| कर्जा जोखिम व्यवस्था | ३ | ७३०,१०६.५४ | ४९८,६६२.३३ |
| वचत दायित्व | ४ | १०,२५६,१६८.८४ | ७,४३६,९८१.५१ |
| चालू दायित्व | ५ | ४४३,५८९.८६ | १६०,९९८.३७ |
| अन्य दायित्व | ६ | ८,५७३,३५५.८४ | ६,२०२,७६१.७१ |
| कर्जा दायित्व | ७ | २,६७१,000.00 | २,६७१,000.00 |
| मूल्तवी हिसाब(विद्युत) | | ८६,२५४.00 | २७८,५३१.00 |
| मुल्तवी ब्याज | | ९४०,४९८.00 | - |
| **जम्मा** | | **४६,८१७,९२१.७८** | **३५,२४८,१३४.७१** |
| **सम्पत्ती** | **अनुसूची** | **०७८ अषाढ** | **०७७ अषाढ** |
| नगद मौज्दात | ८ | १,१२३,८७६.४१ | २५०,१३७.३० |
| बैंक मौज्दात | ९ | १९,१८४,०१७.९३ | १३,८१४,९९९.४९ |
| कर्जा तथा सापटी | १० | ९,४३५,७१४.00 | ६,९४९,९५१.00 |
| लगानी | ११ | ६,२५३,०८३.९७ | ६,००२,९२६.८५ |
| स्थीर सम्पत्ती | १२ | ७९७,६१८.४२ | ५७२,७६६.९३ |
| अन्य सम्पत्ती | १३ | ८,९१२,५३७.०५ | ७,०८५,३०३.१४ |
| पाउनुपर्ने व्याज हिसाव | | १,०२४,८२०.00 | २९३,५१९.00 |
| मूल्तवी हिसाब(विद्यूत) | | ८६,२५४.00 | २७८,५३१.00 |
| **जम्मा** | | **४६,८१७,९२१.७८** | **३५,२४८,१३४.७१** |

प्रमुख लेखा नीतिहरु तथा लेखासंग सम्वन्धित टिप्पणीहरु अनुसूची १ देखि २३ सम्म यस विवरणका अभिन्न अंग हुन् ।

हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

ओमनाथ अधिकारी
लेखा तथा सुपरीवेक्षण समिति संयोजक

गोविन्द प्रसाद घिमिरे
कोषाध्यक्ष

गोविन्द प्रसाद बजगाँई
अध्यक्ष

सिर्जना के.सी
लेखापाल

विश्व देव श्रेष्ठ
रजिष्टर्ड लेखापरीक्षक

# दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड

गोदावरी नगरपालिका- ११, चापागाउँ, ललितपुर

**आ.ब. २०७७/२०७८ को नाफा नोक्सान हिसाव किताव**

| आम्दानी | अनुसूची | ०७८ असाढ | ०७७ असाढ |
|---|---|---|---|
| बिद्युत सेवा विक्री आम्दानी | १४ | २४,५०५,९३३.६७ | १८,५८७,९९२.३० |
| ब्याज आम्दानी | १५ | १,१०९,०१०.९५ | १,३८१,९३३.९६ |
| कार्यालय तथा सेवा संचालन आम्दानी | १६ | १,६८५,३८१.६५ | १,२१५,६२०.४४ |
| **कूल सञ्चालन आम्दानी** | | **२७,३००,३२६.२७** | **२१,१८५,५४६.७०** |
| बिद्युत खरिद खर्च | १७ | १२,३०१,२००.४७ | ११,८७३,८७१.०० |
| प्रशासकीय खर्च | १८ | ४,७२९,३७२.०० | ३,३६८,५४६.३४ |
| ब्याज खर्च | १९ | ७८७,००२.९४ | ६५४,६७१.३८ |
| कार्यालय संचालन खर्च | २० | ३,२६८,५१६.०६ | ३,३९५,०२३.०० |
| कार्यक्रम संचालन खर्च | २१ | १६४,९६८.०७ | ७२,२५५.०० |
| फिल्ड खर्च | २२ | ८३८,८४५.०० | २३७,६४५.०० |
| ह्रासकट्टी | | २२३,५४२.५१ | ८७,५६३.१३ |
| **कुल सञ्चालन खर्च** | | **२२,३१३,४४७.०५** | **१९,६८९,५७४.८५** |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | | **४,९८६,८७९.२२** | **१,४९५,९७१.८५** |
| कर्जा जोखिम व्यवस्था | | २३१,४४४.२१ | - |
| **सञ्चालन मुनाफा** | | **४,७५५,४३५.०१** | **१,४९५,९७१.८५** |
| सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | | - | - |
| **सम्पूर्ण कारोवार पछिको नाफा (नोक्सान)** | | **४,७५५,४३५.०१** | **१,४९५,९७१.८५** |
| आयकर व्यबस्था | | २३७,७७१.७५ | ७४,७९८.५९ |
| स्थगन कर (आम्दानी)/खर्च | | - | - |
| **खुद नाफा (नोक्सान)** | | **४,५१७,६६३.२६** | **१,४२१,१७३.२६** |
| **जम्मा** | | **४,५१७,६६३.२६** | **१,४२१,१७३.२६** |
| **विवरण** | **प्रतिशत** | **०७८ असाढ** | **०७७ असाढ** |
| **बिनियोजन बमोजिम खुद नाफाको बितरण** | | | |
| **आय कर** | | | |
| कर पछाडिको नाफा | | ४,५१७,६६३.२६ | १,४२१,१७३.२६ |
| साधारण जगेडा कोष | २५% | १,१२९,४१५.८१ | ३५५,२९३.३१ |
| बांकी नाफा | | ३,३८८,२४७.४४ | १,०६५,८७९.९४ |
| संरक्षित पुंजी फिर्ता कोष | २५% | ८४७,०६१.८६ | २६६,४६९.९९ |
| सहकारी प्रबर्द्धन कोष | ०.५०% | १६,९४१.२४ | ५,३२९.४० |
| बांकी नाफा | | २,५२४,२४४.३५ | ७९४,०८०.५६ |
| **अन्य कोषहरु** | | | |
| शेयर लाभांश कोष | ६५% | १,६४०,७५८.८३ | ५१६,१५२.३६ |
| कर्मचारी बोनस कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| सहकारी शिक्षा कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| सामुदायिक विकास कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| सहकारी विकास कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| स्थिरीकरण कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| घाटापूर्ति कोष | ५% | १२६,२१२.२२ | ३९,७०४.०३ |
| **जम्मा** | **१००%** | **२,५२४,२४४.३५** | **७९४,०८०.५६** |

ओमनाथ अधिकारी
लेखा तथा सुपरीवेक्षण समिति संयोजक

गोविन्द प्रसाद घिमिरे
कोषाध्यक्ष

गोविन्द प्रसाद बजगाँई
अध्यक्ष

सिर्जना के.सी
लेखापाल

ASSOCIATES Reg. Auditor LALITPUR

विश्व देव श्रेष्ठ
रजिष्टर्ड लेखापरीक्षक

# दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड

गोदावरी नगरपालिका- ११, चापागाउँ, ललितपुर

**२०७८ आषाढ मसान्त सम्मको नगद प्रवाह विवरण**

| विवरण | | ०७८ अषाढ | ०७७ अषाढ |
|---|---|---|---|
